हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

विचार | विकासशील भएपछिका चुनौती | पाइपलाइन विस्तारका लागि बिटुबि

वर्ष १२३ | अङ्क ११० | २०८० साल भदौ ७ गते बिहीबार | श्रावण शुक्ल अष्टमी | नेपाल संवत् ११४३ गुँलाथ्व ८ | 2023 August 24 Thursday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

**नेपाल सरकार**

## अर्थ मन्त्रालय

**सिंहदरबार, काठमाडौं**

## एकीकृत कर्मचारी परिवहन सेवा सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०५/०७)**

**ठेक्का नं. MOF/S/SQ/01/2080-81**

अर्थ मन्त्रालय तथा यसको आसपासका सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरूलाई तपसिल बमोजिमको शर्तको अधिनमा रही दैनिक दुई पटक ओसार पसार गर्ने गरी एकीकृत कर्मचारी परिवहन सेवा सञ्चालन गर्न इच्छुक यातायात व्यवसायीले प्रदान गर्ने सेवाको विवरण सहित सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

**तपसिलः**

१. एकीकृत कर्मचारी परिवहन सेवा अर्न्तगत यस मन्त्रालयलाई चालु आर्थिक वर्ष २०८०/०८१ का लागि ४० (चालिस) सिट क्षमता भएका नयाँ मोडेलका २ (दुई) थान बस सञ्चालन गर्ने गरी सिलबन्दी दरभाउपत्रद्वारा भाडामा लिनु पर्ने भएकोले इच्छुक फर्म/व्यवसायीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ (सोह्र)औं दिनभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नहुन अनुरोध गरिन्छ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात रु. १,०००/- (एक हजार मात्र) मन्त्रालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरबारमा रहेको राजस्व खाता न. १०००१००२०००१००००, कार्यालय कोड नं. ३०५००३५०१, राजस्व शीर्षक नं १४२२९ मा रकम जम्मा गरेको सक्कल भौचर र फर्म दर्ता/नवीकरण प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र तथा आ.व. २०७८/०७९ को करचुक्ताको प्रमाणपत्र पेश गरी मन्त्रालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौ) औं दिनको कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।

३. सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) औं दिनको १२:०० बजे सम्म पेश गर्न सकिनेछ। उक्त म्याद पछि पेस भएका बोलपत्र मान्य हुने छैनन्। म्यादभित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ (सोह्र)औं दिनको दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन। सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा अन्तिम दिनको भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न वा बुझाउन सकिनेछ।

४. सिलबन्दी दरभाउपत्र दाताले कोष तथा लेखा नियन्त्रक कार्यालय भूक्तानी केन्द्र ४, सिंहदरबारको नाममा राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार स्थित धरौटी खाता नं. १९६०१००१०२०३०००० (कार्यालय कोड नं.३०५००३५०१) मा रु. ५०,०००/- (पचास हजार मात्र) धरौटी वापत जम्मा गरेको सक्कल भौचर वा सोही रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट अर्थ मन्त्रालयको नाममा जारी कम्तिमा ७५ (पचहत्तर) दिनको मान्य अवधि भएको नियमानुसारको बैंक जमानतपत्र पेश गर्नु पर्नेछ।

५. सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने, अस्वीकार गर्ने, आंशिक स्वीकार गर्ने, रद्द गर्ने जस्ता दरभाउपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित हुनेछ।

६. सामान्यतया एकीकृत कर्मचारी परिवहन सेवा दिनमा २ पटक (बिहान कार्यालय समयभन्दा १५ मिनेट अगाडी (९:४५ बजे) सिंहदरवारको दक्षिण ढोकामा आईपुग्ने र बेलुका कार्यालय समयभन्दा १५ मिनेट पछि (५:१५/शुक्रबार ३:१५ बजे) बस छुट्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

७. एकीकृत कर्मचारी परिवहन सेवा सञ्चालन सम्झौताको अवधि एक वर्षको हुनेछ।

८. एकीकृत कर्मचारी परिवहन सेवा सञ्चालन गर्नुपर्ने रुटहरू देहाय बमोजिम हुनेछन्।
   (क) सिंहदरवार-शहिदगेट-त्रिपुरेश्वर-कालिमाटी-कलंकी-नागढुङ्गा-कलंकी-स्वयंभु-टंकेश्वर-कालिमाटी-त्रिपुरेश्वर-थापाथली-सिंहदरवार
   (ख) सिंहदरवार-नयाँबानेश्वर-कोटेश्वर-बालकुमारी-सातदोबाटो-लगनखेल-एकान्तकुना-जावलाखेल-पुल्चोक-कुपन्डोल-सिंहदरवार

९. एकीकृत कर्मचारी परिवहन सेवा सञ्चालनमा प्रयोग हुने बसहरु दैनिक चुस्त, दुरुस्त, चालू र सफा हुनु पर्नेछ। सञ्चालनमा आएका सवारी साधन बिग्रिन गएमा तत्काल त्यसको वैकल्पिक व्यवस्था गरी कर्मचारी परिवहन सेवा अवरुद्ध नहुने व्यवस्था समेत सेवा प्रदायकले गर्नु पर्नेछ।

१०. एकीकृत कर्मचारी परिवहन सेवाको गुणस्तर, नियमितता आदिका बारेमा निरन्तर अनुगमन हुनेछ तथा मन्त्रालयबाट तोकिए बमोजिम सेवा-प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत मन्त्रालयले सम्झौताका शर्त मुताविक आवश्यक कारवाही गर्न सक्नेछ।

११. मन्त्रालयले खरिद प्रक्रिया कुनै कारण नखुलाई जुनसुकै बेला रद्द गर्न सक्नेछ।

१२. अन्य कुरा प्रचलित कानून र सम्झौता बमोजिम हुनेछ।

१३. यो सूचना मन्त्रालयको वेबसाईट **https://mof.gov.np** मा समेत हेर्न सकिनेछ।